नेपाल सरकार
सङ्घीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय
**(सङ्घीय मामिला शाखा)**
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.: २०७७/७८
चलानी नं. : १६०२

मिति २०७८।०१।१६

श्री स्थानीय तह (सबै) ।

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

नेपाल सरकार, कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्रको प.सं. ५०९/**CCMC-MGMT/**कार्य/१/०७७/७८/२३७ मिति २०७८।०१।१० को पत्र र पत्रसाथ प्राप्त नेपाल राजपत्रको खण्ड ७१ यसैसाथ संलग्न छ । सोको अतिरिक्ताङ्क २ को बुँदा नं २१ मा उल्लेख भएबमोजिम निर्णय कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ ।

बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः **Website** मा **Upload** गरिदिनुहुन ।

फोन:४२००२८६, फ्याक्स नं. : ४२००१०८/१०९/११०, वेबसाइट: www.mofaga.gov.np

# नेपाल सरकार

टोल फ्रि नं.: ११४०
टेलिफोन नं.: ०१-४२७१७३०
०१-४२८६६६०
इमेल.: mgmtccmc@gmail.com

कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र,
छाउनी, काठमाण्डौं।

प.सं.:५०९/CCMC-MGMT/कार्य/१/०७७/७८/२३७

मितिः २०७८/०१/१० गते ।

दर्ता नं.:- 6309
मिति:- 1/13

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

विषयः <u>सूचित गरिदिनु हुन</u>

प्रस्तुत विषयमा यसै साथ संलग्न नेपाल राजपत्रको खण्ड ७१) काठमाडौं, वैशाख ६ गते, २०७८ साल (अतिरिक्ताङ्क २ को बुंदा नं. २१ मा उल्लेख भएबमोजिम कार्य सम्पादनका लागि स्थानीय सरकारलाई सूचित गरिदिनु हुन अनुरोध छ।

2078/01/10

डा.खगराज बराल
सचिव
तथा
संयोजक, सिसिएमसी सचिवालय

(ज) प्रादेशिक स्वास्थ्य आपत्कालीन केन्द्र सञ्चालन गर्ने। प्रदेशस्तरीय जोखिम मूल्याङ्कन गरी सोको प्रतिवेदन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा प्रत्येक हप्ता पठाउने ।

(झ) प्रदेशभित्र चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्ने गराउने ।

(ञ) क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायतका कार्यको लागि अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनको आवश्यक व्यवस्था मिलाउने ।

२१. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहायबमोजिम गर्नेः-

(क) पन्ध्र बेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग सङ्क्रमित व्यक्तिको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।

(ख) होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुऱ्याउने काममा सहजीकरण गर्ने ।

(ग) कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको

पी.सी.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने । नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने ।

(घ) आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाब सङ्कलन गर्ने व्यवस्था मिलाउने ।

(ङ) स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयं सेवक परिचालन गर्ने गराउने।

(च) स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

(छ) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले पच्चीस जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने । तर सो बमोजिम गर्न सम्भव नभएमा "कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६" अनुसार नेपाली सेनाले गर्ने ।

(ज) क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

(झ) सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने ।